# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ७, अङ्क ४, २०७६ साउन Year 7, Issue 4, July-August 2019


# व्यवस्थापन गोष्ठी २०७६ सम्पन्न



पानसमा दीप प्रज्वलन गरेर गोष्ठीको औपचारिक शुभारम्भ गर्नु हुँदै माननीय अर्थ मन्त्री

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुले आर्थिक वर्ष २०७५/७६ मा लिइएका राजस्व नीति तथा कार्यक्रम र विद्यमान कर कानून कार्यान्वयनको समीक्षा गर्दै त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आर्थिक वर्ष २०७६/७७ को राजस्व नीति र कार्यक्रम एवं सम्बद्ध कर कानूनमा भएका संशोधित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरी लक्षित कर संकलनको रणनीति तय गर्नका लागि २०७६ श्रावण १९ र २० गते व्यवस्थापन गोष्ठी आयोजना आयोजना गरियो ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले व्यवस्थापन गोष्ठीको शुभारम्भ गर्नु भयो। सहभागीहरुलाई सम्बोधन गर्ने क्रममा मा. अर्थमन्त्री खतिवडाले विगतमा गरिएका पहिलो चरणका कर सुधारका प्रयासहरुको चर्चा गर्दै दोस्रो तहको कर सुधार गर्नुपर्ने

बाँकी पृष्ठ ३ मा....

## राजस्व संकलनमा २६ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७६।७७ को लागि विभागलाई रु ५०६ अर्व १८ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये साउन महिनाको लागि रु. ३९ अर्व ५४ करोड लक्ष्य रहेकोमा रु ३४ अर्व ८६ करोड संकलन भई लक्ष्यको तुलनामा ८८ प्रतिशत प्रगति भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु ७ अर्व ११ करोड अर्थात २६ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु १८ अर्व ६६ करोड लक्ष्य रहेकोमा रु १५ अर्व ४६ करोड संकलन भई लक्ष्यको तुलनामा ८३ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु १४ अर्व २२ करोड लक्ष्यमा रु १३ अर्व ४६ करोड संकलन अर्थात लक्ष्यको ९५ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु ५ अर्व ५६ करोड संकलन भएको छ जुन रु ६ अर्व ४९ करोड लक्ष्यको ८६ प्रतिशत

बाँकी पृष्ठ ११ मा

यसभित्र


अर्थमन्त्रीबाट आन्तरिक राजस्व कार्यालयको उद्घाटन — पृष्ठ ५

राजस्व न्यायाधिकरण काठमाण्डौ र आन्तरिक राजस्व विभागका पदाधिकारी विच अन्तरक्रिया — पृष्ठ ८

आय विवरणका अनुसूची तथा फारामहरु परिमार्जन विषयमा अभिमुखीकरण — पृष्ठ ११

# महानिर्देशकको सन्देश



**सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउन र अनौपचारिक अर्थतन्त्रलाई न्यूनीकरण गर्दै समाजका सबै वर्ग र तहलाई कर प्रणाली प्रति सकारात्मक भावनाको विकास गरी कर सहभागितालाई बढाउन करदाता शिक्षा कार्यक्रमलाई व्यापक रूपमा सञ्चालन गरिनेछ । यसमा निजी क्षेत्रको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राखिएको छ ।**

आर्थिक वर्ष २०७५/०७६ मा लिइएका राजस्व नीति तथा कार्यक्रम र विद्यमान कर कानून कार्यान्वयनको समीक्षा गर्दै त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा यस आर्थिक वर्षको राजस्व नीति र कार्यक्रम एवं सम्बद्ध कर कानूनमा भएका संशोधित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरी लक्षित कर संकलनको रणनीति तय गर्नका लागि महत्वपूर्ण हुने व्यवस्थापन गोष्ठी सम्पन्न गरियो ।

सो गोष्ठीमा आर्थिक वर्ष २०७५/०७६ को विभाग र कार्यालयहरुबाट सम्पादित कामको समीक्षा गर्दै कार्य सम्पादनमा सुधार गर्नु पर्ने क्षेत्रको पहिचान गरी समाधानका उपायहरु पहिल्याई सकिएको छ । साथै उक्त पहिचान गरिएका सुधारका उपायहरु मध्ये मुख्य मुख्य कार्यहरु समेटेर कार्य सम्पादन गर्ने गरी प्रतिवद्धता पत्र समेत जारी गरी सकिएको छ ।

आर्थिक बर्ष २०७५/७६ मा रु. ४०५ अर्ब २२ करोड लक्ष्य रहेकोमा रु. ३५८ अर्ब ३५ करोड अर्थात लक्ष्यको ८८.६५ प्रतिशत राजस्व संकलन भएकोमा यस वर्ष गत वर्षको संकलन भन्दा करिब ४१ प्रतिशत बढी अर्थात रु. ५०६ अर्ब लक्ष्य प्राप्त भएको छ। यो लक्ष्य प्राप्ति गर्न आफैमा चुनौतिपूर्ण भएकोले आर्थिक वर्षको शुरुवात देखि नै विशेष कार्य योजना र ठोस रणनीति लिएर अगाडि बढ्न आवश्यक छ । जसका लागि शुरुवात देखि नै कार्यालय प्रमुखहरुलाई जिम्मेवार र प्रतिवद्ध बनाउन सबै कार्यालय प्रमुखहरुसँग कार्य संपादन सम्झौता समेत गरी सकिएको छ ।

बढ्दो आन्तरिक स्रोतको आवश्यकता परिपूर्ति गर्न थप कर लगाउने र दर बढाउने अवस्था छैन यसको लागि दायरा बढाउने र दायरामा रहेका करदाताको कर परिपालना (Tax Compliance) स्तर बढाउने नै हो । विगतमा थुप्रै प्रयास गर्दै आएको भए पनि अझै पनि अनौपचारिक अर्थतन्त्रको ठूलो हिस्सा करको दायरामा आउन सकेको छैन । तसर्थ PAN for ALL नीति कार्यान्वयन गरी कराधारको क्षेत्रलाई विस्तार नीति अनुरुप स्थायी लेखा नम्वर लिने संख्या उत्साहप्रद रुपमा बृद्धि भैरहेको छ ।

सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउन र अनौपचारिक अर्थतन्त्रलाई न्यूनीकरण गर्दै समाजका सबै वर्ग र तहलाई कर प्रणाली प्रति सकारात्मक भावनाको विकास गरी कर सहभागितालाई बढाउन करदाता शिक्षा कार्यक्रमलाई व्यापक रुपमा सञ्चालन गरिने छ । यसमा निजी क्षेत्रको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राखिएको छ ।

आगामी दिनमा कर परीक्षण तथा अनुसन्धानका लागि जोखिम सूचकहरु निरन्तर रुपमा थप परिमार्जन गर्दै लगिने छ । तथ्य र सूचनाका आधारमा जोखिम विश्लेषण गरी कर परीक्षण र अनुसन्धानलाई अझ सघन बनाउँदै कर छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्नका साथै कर सहभागिता बढाउन विभाग लागि परेको छ । नक्कली विल बिजक तथा न्यून बिजकीकरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न विद्युतीय प्रणाली मार्फत बीजक जारी गर्न अनिवार्य गर्दै उक्त बीजकको सूचना Central Billing Monitoring System द्वारा तत्काल कर प्रशासनको पहुँचमा पुग्ने व्यवस्थालाई थप विस्तार गरिने छ।

मूल्य अभिवृद्धि कर तर्फ लामो समय देखि कर विवरण नै नबुझाई बस्ने र लगातार क्रेडिट वा शुन्य विवरण दिने र बीजक जारी नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नियमित रुपमा बजार अनुगमन गरी कर परिपालना नभएको, बिजक जारि नगरेको नपाइएमा कारोबार स्थलमा नै विशेष जरिवाना गर्ने लगायतका Enforcement का कार्यक्रम अगाडि बढाइने छ।

करदाताहरुको लागि प्रदान गरिने सेवा प्रवाहको गुणस्तरीयताको सुनिश्चितता गर्दै थालनी गरेका सुधारका विषयहरुलाई सार्थकता दिन कार्यरत जनशक्तिको मनोबल उच्च राख्दै उनीहरुमा उच्च नैतिकता र स्वच्छ व्यवहार प्रदर्शनलाई प्रोत्साहन गरी राजस्व प्रणालीमा सुधार गर्नुको विकल्प छैन तसर्थ यसका लागि सूचना प्रविधि संजालको माध्यमबाट सिंगो प्रणालीलाई पारदर्शी बनाउने विभागको प्रयासलाई यस वर्ष पनि निरन्तरता दिइनुका साथै जनशक्ति विकासमा पर्याप्त ध्यान दिइने छ।

अत: कर कानूनले प्रदान गरेको सहुलियतको अधिकतम उपयोग गरी स्वयं कर सहभागिता अभिवृद्धि गराउन तथा आर्थिक कारोवारको गुणस्तरीय लेखांकन र प्रतिवेदनको सुनिश्चितता गरी स्वच्छ र पारदर्शी व्यवसाय संचालन गर्न आ-आफ्नो सदस्य, व्यवसायी र आम करदातालाई सूचित गराउने अभियानमा समग्र निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सरकारी, गैर सरकारी क्षेत्र, आम संचारका माध्यम लगायत सम्बद्ध सबैको क्रियाशील सहयोगका साथै व्यवहारिक सुझावको अपेक्षा गरेको छु।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७६, श्रावण**

## व्यवस्थापन गोष्ठी...




आवश्यकता औंल्याउनु भयो । सामान्य लक्ष्य राखेर राजस्व पुऱ्याउनु भन्दा उच्च लक्ष्य राखेर नजिक पुग्नुको महत्व बेग्लै हुने भन्दै लगातार तेस्रो वर्ष पनि २० प्रतिशत भन्दा बढिको दरले राजस्व वृद्धि हुनु सकारात्मक रहेको धारणा व्यक्त गर्नुभयो। अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको ठूलो हिस्सा रहेको र करको दर बढाउने अवस्था समेत नरहेको हुँदा करको दायरा बढाउँदै आर्थिक स्थायित्व र आर्थिक वृद्धि गरी परनिर्भरता घटाउँदै लैजानुपर्ने विचार व्यक्त गर्नुभयो । सामाजिक सुरक्षाको बढ्दो खर्च व्यवस्थापन गर्न सामाजिक सुरक्षा कर र पैतृक सम्पत्ति हस्तान्तरण कर (Inheritance Tax) सम्भावित क्षेत्रहरु भएको औंल्याउनु भयो । सूचना प्रविधिको प्रयोग मार्फत Faceless Tax Administration बनाउने र हरेक नागरिकले स्थायी लेखा नम्बर लिने कार्य नागरिकताको प्रमाणपत्र लिने जस्तै महत्वपूर्ण कार्य भएकोले यस अभियानलाई सफल बनाउन व्यवसायीहरुलाई आग्रह गर्नु भयो। विजक लिने दिने र हिसाव राख्ने दायित्व व्यवसायीको रहेकोले पारदर्शी रुपले व्यवसाय सञ्चालन गरी कर तिर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। राजस्व प्रशासनको सुधार गर्न निजी क्षेत्र समेतको प्रतिनिधी रहने गरी स्थायी प्रकृतिको राजस्व बोर्ड गठन हुन गईरहेको जानकारी दिदै आ-आफ्नो ठाउँबाट सुधारको प्रयासमा सहयोग गर्न व्यवसायीहरुलाई आव्हान गरी व्यवस्थापन गोष्ठीको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

समारोहको पहिलो सत्रलाई समापन गर्दै सचिव (राजस्व) लालशंकर घिमिरेले व्यवसायी नै पहिलो कर अधिकृत भएको, कूल राष्ट्रिय उपभोगको आधारमा मूल्य अभिवृद्धि कर असुली न्यून रहेको, कुल ग्राहस्थ उत्पादनको ८० प्रतिशत उपभोग खर्च रहेको र हालसालै सरकारी स्तरबाट सम्पन्न आर्थिक गणनाले झण्डै ५० प्रतिशत फर्म/व्यवसाय विना दर्ता संचालित भईरहेको वास्तविकतासँग तुलना गर्ने हो भने राजस्व संकलन अझै न्यून रहेको छ र यसमा व्यवसायीको सहयोग महत्वपूर्ण रहने,राजस्व प्रशासनमा सुधार गर्न र व्यवसायीलाई परेका समस्याहरुलाई सहजिकरण गर्नको लागि अर्थ मन्त्रालय तयार रहेको धारणा व्यक्त गर्नुभयो ।

महानिर्देशक विष्णुप्रसाद नेपालले अतिथिहरुलाई स्वागत गर्दै दोश्रो पञ्च वर्षिय रणनीतिक योजना जारी गरी कार्यान्वयनमा रहेको तथा तेस्रो सुधार योजना तयार गर्ने कार्य भइरहेको, सबै

प्रकारका आर्थिक कृयाकलापलाई करको दायरामा ल्याईने, विद्युतीय भुक्तानी, केन्द्रीय बिजक अनुगमन प्रणाली र सूचना प्रणालीमा आधारित अनुसन्धान तथा कर परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष किशोर प्रधानले शुभकामना मन्तव्यको क्रममा करको दायरा बढाउन गरिएका प्रयासहरु सकारात्मक रहेको बताउदै सुधारका प्रयासहरु क्रमश: लागू गर्दै जानुपर्ने, स्वेच्छाले कर तिर्नुपर्ने वातावरण बनाउनु पर्ने, मूल्य अभिवृद्धि करको पचास प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्थामा सुधार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष सतिष कुमार मोरले गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्दै कर प्रशासन र व्यवसायी वीच विश्वासको वातावरण बनेको, अस्थायी र ज्यालादारी मजुदरलाई स्थायी लेखा नम्बर व्यवहारिक नभएको, निर्यात प्रवद्धन गर्न निर्यात अनुदानको वर्गीकरण गर्नुपर्ने धारणा राख्नु भयो ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेशकाजी श्रेष्ठले करदातामैत्री व्यवहार ल्याउन यस्ता गोष्ठीले सहयोग पुऱ्याउने धारणा राख्दै करको दर होईन दायरा बढाउनुपर्ने, स्थायी कर्मचारीहरुलाई मात्र स्थायी लेखा नम्बर लिनु पर्ने, ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लगाउनु सट्टा सेवा कर लगाउनु पर्ने, मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) क्रमश: लागू गर्दै जानु पर्ने, विद्युतीय वीजक अनुमतिको लागि समय सीमा थप गर्नु पर्ने विचार सहित व्यवस्थापन गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

पहिलो सत्रको कार्यक्रम समापन पछि विभाग तथा कार्यालयबाट सम्पादन गरिएका कार्यहरुको बारेमा समग्र प्रस्तुतिका साथै महाशाखाहरुबाट समेत प्रस्तुति भएको थियो । त्यसैगरी महालेखा लेखा नियन्त्रक कार्यालयबाट राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) प्रयोग सम्बन्धी व्यवहारिक पक्षहरुको बारेमा र राजस्व अनुसन्धान विभागबाट Vehicle Consignment and Tracking System (VCTS) को सम्बन्धमा प्रस्तुति गरिएको थियो । वार्षिक नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, कार्यालयहरुले गरेका अनुकरणीय कार्यहरु (Best Practices), साथै कार्यसम्पादन र संचालनमा देखिएका समस्याहरु समेतको विश्लेषण गरी समग्र कार्यालयहरुको एकिकृत प्रस्तुत गरिएको थियो ।

गोष्ठीको दोस्रो दिन सहभागीहरुलाई करनीति, सेवा प्रवाह र संगठनात्मक प्रभावकारिता, कर परीक्षण र अनुसन्धान, कर संकलन, बक्यौता तथा बेरुजु व्यवस्थापन, अन्त:शुल्क व्यवस्थापन र सूचना प्रविधिको उच्चतम प्रयोग र सुधार सम्बन्धी विभिन्न पाँचवटा विषयगत समूहहरु (Thematic Groups) मा विभाजन गरी विगत वर्षमा कार्य सम्पादनमा देखिएका समस्या र समाधानका उपायहरुमा छलफल गरी समूहगत प्रस्तुतीकरण गरिएको थियो ।

आर्थिक वर्ष २०७५।७६ मा तोकिएका कार्य सम्पादन सूचकांकको आधारमा उत्कृष्ट भएका प्रथम, द्वितीय र तृतीय हुने कार्यालयहरु क्रमश: आन्तरिक राजस्व कार्यालय सुर्खेत, ललितपुर-१ र भक्तपुरका प्रमुख कर अधिकृतहरुलाई अर्थ सचिव र महानिर्देशकले सम्मानपत्र सहित फूलमालाले सम्मान गर्नु भएको थियो । प्रथम हुने आन्तरिक राजस्व कार्यालय, सुर्खेतका प्रमुख कर अधिकृत भूमिराम शर्माले मन्तव्य व्यक्त गर्दै मन्त्रालय र विभागबाट प्राप्त सुझाव, सहयोग र मार्ग निर्देशनका लागि आभार व्यक्त गर्नु भयो ।

सोही समारोहमा विभागका महानिर्देशक र कार्यालय प्रमुखहरु वीच आर्थिक वर्ष २०७६।७७ को लागि तोकिएका कार्यगत लक्ष्यहरु कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यसम्पादन सम्झौता गरियो ।

गोष्ठीको अन्त्यमा विभागलाई तोकिएको रु ५०६ अर्ब राजस्व संकलनको लक्ष्य हासिल गर्ने, एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीति कार्यान्वयन गर्न जुनसुकै आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था मिलाउने लगायतका २१ बुँदे प्रतिबद्धतापत्र जारी गरिएको थियो । गोष्ठिको दोस्रो दिन आयोजित समापन समारोहमा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा प्रमुखले सहभागीहरुलाई राजस्व नीति र कार्यक्रमको सफल कार्यान्वयन गर्नको लागि थप व्यवसायिक बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सचिव (राजस्व) लालशंकर घिमिरेले निर्णय प्रकृया छिटो छरितो गर्नुपर्ने, अन्त: शुल्क तर्फको निगरानी र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । अर्थ सचिव राजन खनालले करदाता शिक्षालाई जोड दिने, अन्तर विभाग समन्वय गरी सूचना आदान प्रदान गर्ने, Tax Compliance बढाउनुपर्ने, सूचना प्रविधि प्रणालीलाई सुदृढिकरण गर्नु पर्ने तथा तथ्यांकीय सुरक्षामा सजग हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । महानिर्देशकले माननीय अर्थमन्त्री, सचिवहरुबाट प्राप्त उत्प्रेरणामूलक निर्देशन कार्यान्वयन गर्न प्रण गर्दै व्यवस्थापन गोष्ठीको समापन गर्नुभएको थियो । उक्त गोष्ठीमा अर्थ मन्त्रालयका पदाधिकारीहरु, विभिन्न विभागका विभागीय प्रमुखहरु र कर परिवारका सदस्यहरुको सहभागिता रहेको थियो ।

# अर्थमन्त्रीबाट आन्तरिक राजस्व कार्यालय धुलिखेलको उद्घाटन

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले २०७६ साउन ३१ गते शुक्रवारका दिन आन्तरिक राजस्व



कार्यलय, धुलिखेलको औपचरिक रूपमा उद्घाटन गर्नु भएको छ ।

ताम्रपत्र अनावरण गरेर कार्यालयको औपचारिक शुभारम्भ गरी माननीय अर्थ मन्त्रीले कार्यालय परिसरमा आयोजित समारोहलाई सम्वोधन गर्दै राज्य पक्ष र करदाता दुवै तर्फवाट प्रतिस्पर्धी ढंगले आय आर्जन गर्ने वातावरण सिर्जना गर्नुपर्ने विषय उल्लेख गर्नु भयो । राज्यलाई बुझाउनु पर्ने कर सवैले बुझाई दिने हो भने मात्र इमान्दार व्यवसायीले प्रतिस्पर्धी ढंगले व्यवसाय गर्न सक्ने वातावरण सिर्जना हुने र हामीले चाहेका कर प्रणालीले समेत त्यहि विषयलाई जोड दिने वताउनु भयो ।

कार्यक्रमलाई सम्वोधन गर्दै अर्थ मन्त्रालयका (राजस्व) सचिव लालशंकर घिमिरेले जनतालाई प्रदान गर्ने आधारभूत सेवा नजिकवाट उपलव्ध गराउन कार्यालय विस्तार गरिएको वताउनु भयो । कर प्रशासनसंग सवैलाई आवद्ध गर्न PAN FOR ALL को अवधारणा ल्याईएको यसले करको भार थप्ने मनसाय नराखेको विषय वताउनु भयो । कार्यक्रममा धुलिखेल नगरपालिकाका मेयर अशोक कुमार व्यञ्जु र काभ्रेपलाञ्चोक उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश मानन्धरले करसंग सम्वन्धित विविध विषयमा आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णु प्रसाद नेपालले माननीय अर्थमन्त्री, सचिव (राजस्व) लगायत कार्यक्रममा उपस्थित सवै महानुभावहरू प्रति आभार व्यक्त गर्दै समापन गर्नु भएको उक्त कार्यक्रममा धुलिखेल कार्यालयका प्रमुख कर अधिकृत डमरू प्रसाद पराजुलीले कार्यालयको करदाता दर्ताको अवस्था, राजस्व लक्ष्य एवं सङ्कलन र कार्यसम्पादन अवस्था लगायतका विषयमा संक्षिप्त प्रस्तुति सहित स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

# उत्कृष्ट कार्यालयहरुलाई प्रशंसा पत्र प्रदान



विभागले गत आ.व. २०७५।७६ को कार्य सम्पादन मूल्यांकनमा उच्च अंक प्राप्त गर्ने तीन कार्यालयलाई सम्मान गरेको छ । गत आ.व.को समग्र कार्यसम्पादन मूल्यांकनमा आन्तरिक राजस्व कार्यालय, सुर्खेत ९२.६३ अंक सहित A+ स्तर हासिल गरी प्रथम, आन्तरिक राजस्व कार्यालय, ललितपुर-१ ८६.३७ अंक सहित A+ स्तर हासिल गरी द्वितीय र आन्तरिक राजस्व कार्यालय भक्तपुर ८४.८७ अंक साथ A स्तर हासिल गरी तृतीय स्थानमा रहेका छन् ।

साउन १९ र २० गते आयोजित व्यवस्थापन गोष्ठीको अवसरमा अर्थ सचिव डा. राजन खनाल र महानिर्देशक विष्णुप्रसाद नेपालले सम्मानित हुने कार्यालयका प्रमुखहरुलाई प्रशंसा पत्र प्रदान गर्नु भएको थियो ।

प्रशंसापत्र ग्रहण पश्चात सम्मानित कार्यालयहरुको तर्फबाट बोल्दै प्रथम हुने आन्तरिक राजस्व कार्यालय, सुर्खेतका प्रमुख कर अधिकृत भूमिराम शर्माले यो प्रथम स्थान हासिल हुनुमा कार्यालयमा कार्यरत सबै कर्मचारीको लगनशीलता र कार्य सम्पादनमा तत्परता, करदाताहरुका कर सहभागिता एवं अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागको सहयोग तथा उचित निर्देशनको साथ रहेकोले सबैलाई धन्यबाद प्रकट गर्नुभयो । हालका दिनहरुमा व्यक्तिगत स्थायी लेखा नम्बर लिन आउने व्यक्तिहरुको संख्या कार्यालयमा विगतको अनुपातमा निकै बृद्धि भएको लगायतका कार्यालयले सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारी बढ्दो क्रममा रहेको तर कर्मचारी संख्या न्यून रहेको तथा पाईरहेको प्रोत्साहन भत्ताको निर्णय शुरुमै नहुने प्रचलनले भएका कर्मचारीलाई पनि उत्प्रेरित गराई कार्य गराउन कठिनाई हुने गरेको अनुभव राख्नु भयो । कार्यालयलाई प्राप्त साथ र सहयोगका लागि सबैलाई आभार प्रकट गर्दै आगामी दिनमा कार्य सम्पादनस्तरलाई अझ उत्कृष्ट बनाउन कोशिस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# महानिर्देशक र कार्यालय प्रमुखहरु बीच कार्य सम्पादन सम्झौता सम्पन्न







आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयका प्रमुखहरु बीच चालू आ.व.मा गर्नु पर्ने कार्यहरुको कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ । साउन २० गते व्यवस्थापन गोष्ठीको समापन समारोहमा उक्त सम्झौता भएको हो ।

सम्झौतामा कार्यालयहरुले सम्पादन गर्ने कार्यहरुलाई वार्षिक रुपमा उल्लेख गरिएको छ । वार्षिक लक्ष्यलाई कार्यालयहरुले मासिक रुपमा विभाजन गरी लक्ष्य हासिल गर्नु पर्ने सम्झौतामा उल्लेख गरिएको छ । सम्झौतामा ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयले मू.अ.करको Non filer प्रतिशत तोकिएको भन्दा कम रहने गरी कार्य गर्नु पर्ने, मू.अ.करको डेबिट विवरण ५० प्रतिशत भन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशत भन्दा कम रहनु पर्ने गरी कार्य गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरुले मू.अ.करको नन फाइलर १० प्रतिशत भन्दा कम रहने गरी कार्य गर्नु पर्ने उल्लेख छ । यस्तै मू.अ.करको डेबिट विवरण २० प्रतिशतभन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशत भन्दा कम र शून्य विवरण २५ प्रतिशत भन्दा कम रहने गरी कार्य गर्ने विषय समेत समावेश गरिएको छ । साथै गत बर्षदेखि थप गरिएको आन्तरिक राजस्व कार्यालयहरुले पूंजीगत लाभकरको अनुसन्धान गरी कर निर्धारण गर्ने परिसूचक यस वर्ष समेत सम्झौतामा समावेश गरिएको छ । वार्षिक लक्ष्य प्राप्तिका लागि कार्यालय प्रमुखहरु महानिर्देशक प्रति पूर्ण रुपमा जवाफदेही हुनु पर्ने सम्झौतामा उल्लेख छ । सम्झौतामा कार्यालयमा रहेका करदाता सेवा, कर संकलन, कर परीक्षण र अनुसन्धान शाखाले गर्नु पर्ने कार्यलाई विभाजन गरी हरेक कार्यलाई निश्चित भार समेत दिइएको छ ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

“सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ“ भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# राजस्व न्यायाधिकरण काठमाण्डौ र आन्तरिक राजस्व विभागका पदाधिकारी विच अन्तरक्रिया



राजस्व न्यायाधिकरण काठमाण्डौका माननीय अध्यक्ष तथा सदस्यहरु र आन्तरिक राजस्व प्रशासनका पदाधिकारीहरु बीच कर सम्बन्धी मुद्दाका सम्वन्धमा आपसी छलफल गर्ने अभिप्रायले २०७६ साउन २९ गते बुधवार विभागको सभाहलमा अन्तरक्रिया सम्पन्न भएको छ । उक्त कार्यक्रममा न्यायाधिकरणका माननीय अध्यक्ष किशोर सिलवालले कार्यपत्र प्रस्तुति गर्दै कर सम्बन्धी मुद्दामा फैसला गर्दा भोग्नु परेका अफ्ठ्याराहरुको सहजीकरणका लागि विभाग समक्ष न्यायाधिकरणले राखेका अपेक्षाहरु समेत उल्लेख गर्नु भयो । कार्यक्रममा बोल्दै विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले विभागको तर्फबाट न्यायाधिकरणलाई हर तरहले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । करारोपण गर्ने क्रममा करदाताहरुसंग कागजात माग गर्ने, तिनको प्रारम्भिक जाँच परीक्षण गर्ने, स्पष्ट नभएको विषयमा लिखित भनाई लिने, थप कर दायित्व सिर्जना गर्नु पर्ने अवस्था देखिएमा सुनुवाईको मौका दिई प्राप्त जवाफ र भनाईको विश्लेषण गरी अन्तिम कर निर्धारण गरी सोको सूचना करदातालाई दिने लगायतका प्राकृतिक न्यायका आधारभूत मान्यता एवं उचित प्रकृयाहरु पालना गर्नुपर्ने विषयमा विभागको धारणा व्यक्त गर्नु भयो । साथै न्यायाधिकरणले कर सम्बन्धी मुद्दाको छिनोफानो गर्दा कर कानूनको मर्म र भावना अनुकूल कराधारको संरक्षण हुने गरी निर्णय गर्न समेत अनुरोध गर्नु भयो । उक्त कार्यक्रममा सहभागीहरुले उठाएका जिज्ञासाहरुको सहजिकरण न्यायाधिकरणका माननीय अध्यक्ष लगायत अन्य पदाधिकारीहरुले गर्नु भएको थियो । सो कार्यक्रममा न्यायाधिकरणका पदाधिकारीहरु र आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय तथा उपत्यका स्थित आन्तरिक राजस्व कार्यालयका रा.प.द्वितीय श्रेणीसम्मका कर्मचारीहरु र भन्सार विभागका प्रतिनिधि समेतको सहभागिता थियो ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

**विषयः आय विवरणको अनुसूची तथा सम्बन्धित फारामहरु परिमार्जन भएको सूचना।**

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना प्रविधि सम्बन्धी गोष्ठी सम्पन्न

आन्तरिक राजस्व विभागको सूचना प्रविधि प्रणालीमा रहेका कमी कमजोरीको पहिचान र सोको निराकरणका लागि गर्नु पर्ने आवश्यक सुधारका विषयमा छलफल गर्ने अभिप्रायले २०७६ साउन १५ गते विभागको सभाहलमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो गोष्ठिमा कर प्रशासनका कर्मचारीहरु, नेपाल सरकारका विभिन्न निकायमा सूचना प्रविधि शाखामा काम गर्ने पदाधिकारीहरु र सूचना प्रविधि क्षेत्रमा विगत लामो अवधिदेखि कार्यरत वाह्य विज्ञहरु समेतको उपस्थिति थियो । गोष्ठीमा बोल्दै विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सूचना प्रविधि प्रणालीको विकास र प्रयोगमा विभाग अग्रणी संस्थाको रुपमा स्थापित हुंदै आएकोमा हाल आएर कहिले काँही उच्च कार्यवोझ हुने समयमा सूचना प्रविधिमा समस्या देखिन आउँदा करदाता तथा कर प्रशासनको कार्यमा बढी समय खर्च गर्नु पर्ने अवस्था सिर्जना भएकोले सो समस्या निराकरणका लागि आफ्नो ज्ञान र अनुभवको आधारमा सही र यथार्थ सुझावहरु प्रदान गर्न सहभागीहरुलाई अनुरोध गर्नु भयो । अबको अर्थतन्त्र प्रविधिमा आधारित रहेकोले सूचना प्रविधिको उच्चतम उपयोगको माध्यमबाट कर चुहावट रोकथाम तथा करदाताहरुले आफ्नै स्थानबाट कर सम्बन्धी सेवा प्राप्त गर्न र कर परिपालनाका लागि पूरा गर्नु पर्ने औपचारिकताहरु पूरा गर्न पनि विभागले प्रयोग गर्ने सूचना प्रविधि प्रणाली चुस्त र अद्यावधिक रहनु पर्ने विषय जोड दिनु भयो । कार्यक्रममा सहभागीहरुलाई सूचना प्रविधि विज्ञ प्रेम शरण श्रेष्ठले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै स्वागत गर्नु भएको थियो भने विभागको सूचना प्रविधि प्रणालीका सम्बन्धमा सूचना प्रविधि निर्देशक चुडामणि ढुंगानाले प्रस्तुति गर्नु भएको थियो ।




नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## वस्तु तथा सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र मूल्य अभिबृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र देहायका कारोवारलाई अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय,

अतः मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा भएको संशोधित व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोवार रहेको क्षेत्रको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिबृद्धि करमा दर्ता हुन सूचित गरिएको छ।

# वित्तीय पारदर्शीताका लागि वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने स्वचालित प्रणालीको विकास



आ.व. २०७५/०७६ को वजेट वक्तव्य र मौद्रिक नीतिमा वित्तीय पारदर्शीताका लागि व्यवसायीहरुले कर प्रशासनमा पेश गरेको वित्तीय विवरण र बैंक तथा वित्तीय संस्थामा पेश गरेको वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने स्वचालित प्रणालीको विकास गर्ने व्यवस्था कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स एसोसिएसन, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थासंगको सहकार्यमा वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने प्रणाली विकास गरिएको छ । सोको कार्यान्वयन गर्ने सम्वन्धमा २०७६ साउन ४ गते आन्तरिक राजस्व विभागको सभाहलमा नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स एसोसिएसन, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाका प्रतिनिधि तथा बाणिज्य बैंकहरुका प्रमुख कार्यकारी अधिकृतहरुको उपस्थितिमा बैंक तथा वित्तीय संस्थाहरुले व्यवसायिक ऋण प्रवाह गर्दा आन्तरिक राजस्व विभागको एकिकृत कर प्रणाली (Integrated Tax System) मा रहेको ऋण लिन चाहेको व्यक्तिले भर्नुपर्ने वित्तीय विवरणसँग सम्वन्धी सूचनामा प्रविष्टि भएको विवरणलाई आधार लिने विषय र उक्त विवरणमा स्वीकृत ऋण रकम र मिति प्रविष्ट गर्ने विषयमा छलफल भएको थियो । उक्त कार्यक्रममा महानिर्देशक विष्णुप्रसाद नेपालले वित्तीय पारदर्शीताका लागि वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध निकायहरु नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स एसोसिएसन, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था तथा बैंक तथा वित्तीय संस्थाहरुको सहयोग एवं सहकार्यमा जोड दिनु भएको थियो । प्रणालीका वारेमा सूचना प्रविधि अधिकृत विनोद विडारीले जानकारी गराउनु भएको थियो । कार्यक्रममा यस प्रणालीमा पहुंचका लागि बैंक तथा वित्तीय संस्थाहरुले युजर नेम र पासवर्ड आफू दर्ता रहेको आन्तरिक राजस्व कार्यालयवाट प्राप्त गर्नसक्ने र यस विषयमा आवश्यकता परेमा विभागवाट आवश्यक थप सहजिकरण समेत गरिने ब्यहोरा जानकारी गराईएको थियो । उक्त कार्यक्रमा नेपाल राष्ट्र बैंकमा कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठ, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्र ढुंगाना, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाका अध्यक्ष जगन्नाथ उपाध्याय र वाणिज्य बैंकहरुका प्रमुख कार्यकारी अधिकृतहरुले यसको कार्यान्वयनका लागि थ्रेसहोल्ड कायम गर्नुपर्ने, निश्चित समय दिएर र उद्योग बाणिज्य महासंघ लगायतका वस्तुगत महासंघहरुसंग समेत अन्तरक्रिया छलफल गरेर अघि बढन उपयुक्त हुने सुझाव प्रस्तुत गर्नु भएको थियो ।

# आय विवरणका अनुसूची तथा फारामहरु परिमार्जन विषयमा अभिमुखीकरण

आन्तरिक राजस्व विभागले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नु पर्ने आय विवरण एवं विवरणका साथ पेश हुने अनुसूची तथा फारामहरुमा सामयिक परिमार्जन गरेको छ। परिमार्जन भएका अनुसूची तथा फारामहरु मिति २०७६/०४/०१ गते देखि लागू हुने गरी ऐनको दफा ७७ बमोजिम सूचना प्रकाशित गरी तोकिएको छ । परिमार्जन भएका फारामहरुको सम्बन्धमा जानकारी सहितको अभिमुखीकरण कार्यक्रम विभागको सभाहलमा मिति २०७६/०४/०१ गते सम्पन्न भयो । कार्यक्रममा विभागका महानिर्देशक, सबै उपमहानिर्देशकहरु र निर्देशकहरु एवं ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख सहित सबै प्रमुख कर अधिकृतहरु र काठमाडौं उपत्यकाका सबै आन्तरिक राजस्व कार्यालयका प्रमुखहरुको उपस्थित रहेको थियो। साथै सोहि दिन अर्को सत्रमा विभागमा कार्यरत अधिकृतहरु र काठमाडौं उपत्यकाका सबै आन्तरिक राजस्व कार्यालयहरुका करदाता सेवा शाखाका कर अधिकृतहरुलाई अभिमुखीकरण गरियो । सबै कर अधिकृतहरुलाई यस विषयमा अभिमुखीकरण दिने उद्देश्यले पहिलो चरणमा मिति २०७६/०४/०२ गते अलग-अलग दुई सत्र संचालन गरी काठमाडौं उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत सबै कर अधिकृतहरुलाई परिमार्जन भएका फारामहरुको सम्बन्धमा जानकारी गराइएको थियो । यी सबै कार्यक्रमको सहजीकरण चार्टर्ड एकाउण्टेण्ट भवनाथ दाहालले गर्नु भएको थियो ।

यसै गरी मिति २०७६/०४/२० गते चौधौं अडान डे को अवसरमा नेपाल अडिटर्स एशोसिएसन (अडान) ले काठमाडौंमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा अडानको सहकार्यमा परिमार्जित अनुसूची तथा फारामहरुका सम्बन्धमा लेखापरीक्षकहरुलाई समेत जानकारी गराइएको थियो । परिमार्जित अनुसूची तथा फारामहरुका नमूना सहितको कार्यपत्र प्रस्तुति गरिएको उक्त कार्यक्रममा सहभागी लेखा परीक्षकहरु तथा विभिन्न प्रतिष्ठानमा कार्यरत लेखापालहरु गरी करिव पाँच सयको उपस्थिति रहेको थियो । कार्यपत्रको प्रस्तुति एवं सहभागीहरुले राखेका सैद्धान्तिक जिज्ञाषाहरु तथा फाराम लागू गर्ने सम्बन्धमा आउन सक्ने व्यवहारिक कठिनाईको विषयमा विभागका निर्देशक शरदचन्द्र पौडेल तथा शाखा अधिकृत राजुप्रसाद प्याकुरेलले सहजिकरण गर्नु भएको थियो ।

## राजस्व संकलनमा.....

हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु १६ करोड लक्ष्यमा रु ७ करोड संकलन भई लक्ष्यको तुलनामा ४८ प्रतिशत संकलन भएको छ ।

*रु. हजारमा*

| शीर्षक | आ.व. २०७६/७७ को वार्षिक लक्ष्य | आ.व. २०७६/७७ श्रावण महिनाको | | | गत आ.व. को श्रावण महिनाको असुली | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | असूली | प्रगति प्रतिशतमा | | |
| आयकर | २४२६२८१७० | ११८९०३४८ | १०६१०७५६ | ८९ | ८९४४११७ | १८ |
| बहालकर | ५२५९१०८ | ७५८७०५ | ५२१५५७ | ६९ | ५०३७८० | |
| ब्याजकर | ३२४६३७४४ | ६०२००९२ | ४३२५९१३ | ७२ | २६४४६१९ | १९ |
| जम्मा आयकर | २८०३५१०२२ | १८६६९१४५ | १५४५८२२६ | ८३ | १२०९२५१६ | १८ |
| मूल्य अभिवृद्धि कर | ११८३८२०८९ | १४२२३३३५ | १३४६०९९५ | ९५ | ९७८३४३३ | ३८ |
| अन्त:शुल्क | १०६३०३९६७ | ६४८५७४० | ५५५९१६७ | ८६ | ४५५१६९८ | २५ |
| स्वास्थ्य सेवा शुल्क | ० | ० | ३००७१८ | ० | २५३०४१ | |
| शिक्षा सेवा शुल्क | ११५२३२१ | १६४४५८ | ७८१२६ | ४८ | १६१३४३ | (५२) |
| जम्मा | ५०६१८९३९९ | ३९५४२६७८ | ३४८५७२३२ | ८८ | २७७४२०३१ | २६ |

# करदाता सेवा कार्यालय खाँदबारीको करदाता शिक्षा कार्यक्रम




करदाता सेवा कार्यालय खाँदवारीले नियमित र निरन्तर रुपमा सञ्चालन गर्दै अएको कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रमलाई आर्थिक वर्ष २०७६ ।०७७ मा समेत निरन्तरता दिएको छ । श्रावण महिनामा संखुवासभा उद्योग वाणिज्य संघको समन्वयमा संखुवासभा उद्योग वाणिज्य संघको सभाहल खांदबारीमा कार्यक्रम सम्पन्न भएको हो । संखुवासभा उधोग वाणिज्य संघ संखुवासभा, वितरक संघ संखुवासभा, होटल व्यवसायी संघका प्रतिनिधिको सहभागितामा सम्पन्न भएको सो कार्यक्रममा कार्यालयका कर अधिकृत राजन बि.क.ले प्रशिक्षण तथा सहजीकरण गर्नुभएको थियो । संखुवासभा जिल्लाको मुख्य व्यापारिक केन्द्र खाँदबारीका मूल्य अभिवृद्धि कर र अन्त:शुल्कमा दर्ता रहेका करदाताहरुलाई विशेष लक्षित गरी संचालन गरिएको उक्त कार्यक्रममा आर्थिक ऐन, २०७६ द्वारा संशोधित कानुनी व्यवस्था समेतको आधारमा मू.अ.करमा दर्ता, अभिलेख, कर कट्टी, कर विवरण लगायत विषय र अन्त: शुल्क ऐन, २०५८ बमोजिम अन्त:शुल्क ईजाजत सम्बन्धी व्यवस्थाको बारेमा प्रशिक्षण प्रदान गरिएको छ । त्यस्तै आर्थिक ऐन २०७६, मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्त:शुल्क ऐन, २०५८ मा गरेका संशोधन एवं नया व्यवस्थाहरुका सम्बन्धमा प्रकाश पार्दै करदाता दर्ता दर्तादेखि खारेजीसम्मका प्रकृयाका विषयमा समेत जानकारी प्रदान गरिएको थियो । सो कार्यक्रममा कार्यालयका कर अधिकृत राजन बि.क.ले कर कानुनको पूर्ण परिपालना हुने वातावरण सिर्जना गर्दै कुशल कर प्रशासन निर्माण गर्न तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न यस प्रकारको कर शिक्षा तथा जागरणका कार्यक्रम महत्वपूर्ण हुने र कार्यालयले सोही बमोजिम करदाताहरुलाई लक्षित गरी नियमित कार्यक्रम संचालन गर्दै आएको बताउनु भयो । साथै कर कानूनको पालनमा करदाता नै पहिलो कर अधिकृत भएको हुंदा कर सम्बन्धी विषयमा जानकार सबैले करको दायरामा आएर मात्र कारोबार गर्न आग्रह गर्नुभयो । यसैगरी करदाताहरुले राखेका चासो र जिज्ञासाको कर अधिकृतबाट सम्बोधन भएको थियो ।

उक्त कर शिक्षा कार्यक्रममा संखुवासभा उधोग बाणिज्य संघको अध्यक्ष युवराज शाक्यले व्यवसायीहरुलाई ईमान्दार भएर करको दायरामा आउन र कर कानूनको पूर्ण परिपालाना गर्न आग्रह गर्नुभयो । कारोबारको यथार्थ अभिलेख र घोषणा मार्फत कर विवरण र कर दाखिला गरी जरिवानाबाट बच्न व्यवसायीहरुलाई सचेत गराउनु भएको थियो । साथै कर कानूनहरु पालना गर्न सहज र कार्यान्वयनयोग्य हुनुपर्ने भन्दै सरकारले लागू गरेको एक हजार भन्दा बढी भुक्तानीमा अनिवार्य स्थायी लेखा नम्बरको व्यवस्था र VCTS को व्यवस्था कार्यान्वयनमा कठिनाइ भएता पनि क्रमश लागू हुने विश्वास व्यक्त गर्नुभयो ।

# व्यवस्थापन गोष्ठी, २०७६ बाट जारी प्रतिबद्धता

सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न सामाजिक न्याय सहितको तिब्र आर्थिक वृद्धिको आवश्यकता पर्दछ र यसको लागि आन्तरिक स्रोतको परिचालन मार्फत वित्त प्रणालीलाई सुदृढ बनाउनुपर्ने हुन्छ । आन्तरिक स्रोतको बलियो आधारको रुपमा रहेको आन्तरिक राजस्व प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी बनाउँदै सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई कराधार फराकिलो बनाउन र स्वेच्छिक कर सहभागिता अभिवृद्धि एवं कर छली तथा चुहावट नियन्त्रण गरी आन्तरिक राजस्व परिचालन कुशलता अभिवृद्धि गर्न आन्तरिक राजस्व विभाग प्रतिबद्ध रहेको छ । व्यवसायिक दक्षता, पारदर्शिता एवं स्वच्छता अभिबृद्धि गर्दै करदातामैत्री कर प्रशासनको विकास एवं सूचना प्रविधिको प्रयोग मार्फत कर संकलन र कर सहभागिता लागत कम गर्न कर प्रशासन कटिवद्ध छ । नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयन, करसम्बन्धी कानुनको परिमार्जन तथा प्रणालीको सुदृढीकरण एवं विभागको रणनीतिक योजना, सुधार योजना र वार्षिक कार्ययोजनाको कार्यान्वयन गरी लक्षित उद्देश्य हासिल गर्न कर परिवारका सबै सदस्यहरू देहाय बमोजिमका सुधारका प्रयास गर्न सामुहिक प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. आन्तरिक राजस्व विभागलाई तोकिएको रु ५०६ अर्ब राजस्व संकलनको लक्ष्य हासिल गर्ने ।

२. एकीकृत कर संहिताको मस्यौदा सरोकारवाला व्यक्ति तथा निकायहरूसँग छलफल गरी थप परिमार्जन सहित अर्थ मन्त्रालयमा पेश गर्ने ।

३. आन्तरिक राजस्व विभागको दोस्रो पाँच वर्षीय रणनीतिक योजना (२०१८/१९-२०२२/२३) बमोजिमको तेस्रो सुधार योजना तयार गरी कार्यान्वयन गर्ने ।

४. कार्यालयहरुले सम्पादन गर्ने कार्यगत परिसूचकहरू (Functional Indicators) परिमार्जन गर्ने र सो अनुसार तोकिएका लक्ष्य हासिल गर्ने गरी व्यवसायिक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

५. एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीति कार्यान्वयन गर्न आर्थिक क्रियाकलापमा संलग्न १ लाख व्यक्तिलाई व्यवसायिक स्थायी लेखा नम्बर र ३ लाख व्यक्तिलाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरी करको दायरा विस्तार गर्ने। यसका लागि जुनसुकै आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था मिलाउने ।

६. हाल प्रयोगमा रहेको (SITC Standard International Trade Code) लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।

७. करदाता दर्तासम्बन्धी फारमहरू परिमार्जन तथा बायोमेट्रिक प्रणालीको कार्यान्वयन मार्फत दर्तामा गुणस्तरीयता कायम गर्ने । मूल्य अभिवृद्धि करमा दर्ता रहेका करदाताहरूमध्ये सक्रिय करदाताहरूको दर्ता सम्बन्धी अभिलेख यसै आर्थिक वर्षभित्र बायोमेट्रिक प्रणालीमा अद्यावधिक गर्ने ।

८. करदाताले पेश गर्ने आय विवरणका ढाँचा तथा अनुसूचीहरू परिमार्जन गर्ने एवं व्यवसायको प्रकृति अनुसार थप खुलासा फारमहरू (Discloser Forms) तयार गरी कार्यान्वयनमा ल्याउने ।

९. आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण अद्यावधिक पेश गरेका तथा बक्यौता नभएका करदाताले आय विवरण अनुसार दाखिला गरेको करको निस्सा (कर चुक्ता प्रमाणपत्र) करदाता स्वयंले एकीकृत कर प्रणालीबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

१०. विभागको एकीकृत कर प्रणालीसँग अन्तर आवद्धता भएका महालेखा नियन्त्रक कार्यालयको एकीकृत कोष प्रणाली (TSA), भूमिसुधार व्यवस्थापन विभागको भू-अभिलेख व्यवस्थापन सूचना प्रणाली (Land Record Management Information System (LRMIS) र नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्था बीच सूचना आदान प्रदान सुरु गर्ने ।

११. वार्षिक रु. ३५ करोड भन्दा बढी कारोबार गर्ने सबै करदातालाई विद्युतीय माध्यमबाट बिजक जारी गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिई राजस्व जोखिमको आधारमा थप १०० करदातालाई विभागको केन्द्रीय बिजक अनुगमन प्रणालीमा आवद्ध गर्ने ।

१२. आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण पेश गर्ने संख्या एवं बक्यौता असुली र समायोजन तथा बेरुजू फछ्यौटको वार्षिक लक्ष्य बमोजिमको प्रगति हासिल गर्ने ।

१३. कर्जा प्रयोजनका लागि पेश हुने र कर प्रयोजनका लागि पेश हुने वित्तीय विवरणमा एकपरूता ल्याउने सम्बन्धमा विभागले तयार गरेको प्रणाली नेपाल राष्ट्र बैंक मार्फत् कार्यान्वयन गराउने ।

१४. कूटनीतिक सुविधा प्राप्त व्यक्ति तथा निकायले सूचीकृत भएका फर्म (Refund Shop) बाट वस्तु तथा

सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर तत्काल फिर्ता दिने व्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाई फर्महरू सूचीकृत गर्ने ।

१५. उपभोक्ताले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा खरिद गरी कार्ड वा विद्युतीय माध्यमबाट भुक्तानी गरेमा सोमा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम भुक्तानीकर्ताको बैंक खातामा स्वतः जम्मा हुने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने ।

१६. सूचनाको आधारमा बजार अनुगमन एवं राजस्व जोखिमका आधारमा कर परीक्षण तथा अनुसन्धान गरी कर चुहावट नियन्त्रण गर्ने ।

१७. प्रशासकीय पुनरावलोकनका लागि परेका निवेदनहरू मध्ये विगत वर्षबाट यस वर्ष सरी आएका मध्ये कम्तिमा ५० प्रतिशत र चालु आर्थिक वर्षमा दर्ता भएका मध्ये कम्तिमा ५० प्रतिशत निवेदनहरुको निर्णय गर्ने ।

१८. कर परीक्षण तथा अनुसन्धानको गुणस्तरीयता अभिवृद्धि गर्न तथा आन्तरिक नियन्त्रण कायम गर्न आन्तरिक पुनरावलोकनलाई थप प्रभावकारी बनाउने ।

१९. अन्तःशुल्क स्टिकरको सहज आपुर्तिको व्यवस्था मिलाउने। अन्तःशुल्कजन्य वस्तु उत्पादन गर्ने भौतिक नियन्त्रण प्रणालीमा सञ्चालित प्रतिष्ठानको अतिरिक्त अन्य प्रतिष्ठानहरूको व्यवसायिक क्रियाकलाप समेत अन्तःशुल्क गतिविधि अभिलेखाङ्कन प्रणाली (Excise Activities Recording System) मा प्रविष्टी गराउने ।

२०. विभागको रणनीतिक योजनाअनुसार सूचना तथा सञ्चार प्रविधि सञ्चालन निर्देशिका (ICT Operational Guidelines) तयार गरी लागू गर्ने ।

२१. आर्थिक क्रियाकलापको विस्तार, राजस्व सम्भाव्यता एवं भौगोलिक सुगमताको आधारमा नयाँ करदाता सेवा कार्यालयहरू स्थापना गर्ने, करदाता संख्या एवं राजस्व संकलनको आधारमा विद्यमान करदाता सेवा कार्यालयहरूलाई आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नति गर्ने र व्यवस्थापन सर्वेक्षण गरी संगठन पुनः संरचना गर्ने ।

## आन्तरिक राजस्व विभागको

# विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा भएको संशोधन सम्बन्धी सूचना

**विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा मिति २०७६/४/१३ मा भएको तेश्रो संशोधनले कार्यविधिको परिच्छेद - ३ को सि.नं. ३ को खण्ड (ख) देहाय बमोजिम कायम भएको व्यहोरा जानकारी गराईएको छ ।**

विद्युतीय माध्यमबाट वीजक जारी गर्न प्रयोग गरिने विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए सोको उत्पादक स्वयंले र विदेशबाट आयात भएको भए सोको आधिकारीक वितरक स्वयंले परिच्छेद-१ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी विभागमा सूचीकरण गराउनु पर्नेछ । विदेशबाट उत्पादन आयात भएको तर नेपालमा आधिकारीक वितरक नभई प्रयोगकर्ता आफैंले मात्र प्रयोग गर्ने गरी संझौता भएको भए प्रयोगकर्ता आफैंले उत्पादकको तर्फबाट निर्वाह गर्नु पर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ ।

# आर्थिक वर्ष २०७६/७७ बाट लागू हुने राजस्व संकेत र व्याख्या

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | आ.व. २०७६/७७ बाट लागू हुने नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ । | ११११ | ११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, | १११२ | १११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ । | १११३ | १११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमापर्दछ । | ११२१ | ११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | ११२२ | ११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने | ११२३ | ११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक ११२१ देखि ११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको | ११२४ | ११२४ |
| पुँजीगत लाभकर- निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा | ११२५ | ११२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर | ११३१ | ११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । | ११३२ | ११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । | ११३३ | ११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११३४ | ११३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने | ११३५ | ११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने | ११३६ | ११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ । | - | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा | ११४४२ | ११४४२ |

| | | | |
|---|---|---|---|
| शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ । | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ । | ११४१२ | ३३११२ |
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ- संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२१ | ३३१३१ |
| मदिरा- संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२४ | ३३१३४ |


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
प्रेमशरण श्रेष्ठ
यज्ञ प्रसाद ढुङ्गेल

**सम्पादन समूह**
सम्झना बराल ढकाल
काशिनाथ भट्टराई
सुनिल कुमार यादव
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल

# आय विवरणका अनुसूची तथा सम्बन्धित फारामहरु परिमार्जन

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरिएको छ। परिमार्जित अनुसूची तथा फारमहरु मिति २०७६ श्रावण १ गते देखि लागू भएका छन्।

परिमार्जित तथा नयाँ फारामहरुको सूची

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधा सम्बन्ध भएका फारामहरु**

| | |
|---|---|
| ह्रासयोग्य सम्पति | डे १५०४-०१-०३-७६ |
| अन्यआय | डे १५१६-०१-०३-७६ |
| व्याज खर्च | डे १५१८-०१-०३(७६ |
| व्यापारिक वस्तु निसर्गको लागत | डे १५१९-०१-०३-७६ |
| अन्य खर्चको विवरण | डे १५२५-०१-०३-७६ |
| नोक्सानी कट्टीकोविवरण | डे १५२८-०१-०३-७६ |
| छुट तथा सुविधाको विवरण | डे १५३५-०१-०३-७६ |

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधै असर नगर्ने करदाता र करारोपण सम्बन्धी सूचनामूलक फाराम**

| | |
|---|---|
| खरिद, विक्री, लिन बाँकी र तिर्न बाँकीको विवरण | डे १५००१-०१-०३-७६ |
| सबैलाई लागु हुने अनुसूचि ५ संग सोझो सम्बन्ध नभएता पनि ऋस सम्बन्ध भएका फारामहरु | |
| सम्बद्ध व्यक्ति र व्यवस्थापकीय कर्मचारीसँगको कारोवार | डे १५४०१-०१-०३-७६ |
| सापटी पेश्की लिए दिएको विवरण | डे १५४०२-०१-०३-७६ |
| वित्तीय वासलात र कर आधार | डे १५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे १५४०४-०१-०३-७६ |
| शेयरधनीको विवरण | डे १५४०५-०१-०३-७६ |
| वित्तिय लेखा र मूल्य अभिवृद्धि कर लेखातर्फ खरिद मिलान | डे १५४०६-०१-०३-७६ |

**२. प्रस्तावित व्यवसायजन्य फारामहरु**

**२.१ मेडिकल कलेज**

| | |
|---|---|
| मेडिकल कलेजको आय | डे १५४११-०१-०३-७६ |
| अग्रिम शुल्कको विवरण | डे१५४१२-०१-०३-७६ |
| विद्यार्थी संख्या र भुक्तानीको विवरण | डे१५४१३-०१-०३-७६ |
| सेवा शुल्कको विवरण | डे१५४१४-०१-०३-७६ |
| सञ्चालन खर्चको विवरण | डे१५४१५-०१-०३-७६ |

**२.२ सिमेन्ट उद्योग**

| | |
|---|---|
| चुनढुङ्गा तथा अन्य कच्चा पदार्थको प्रयोगको परिमाण | डे१५४२०-०१-०३-७६ |
| Raw Meal प्रयोग तथा उत्पादनमा भएको नोक्सानीविवरण | डे१५४२१-०१-०३-७६ |
| क्लिङ्कर उत्पादन तथा विक्रीको विवरण | डे१५४२२-०१-०३-७६ |
| सिमेण्ट उत्पादन तथा बिक्रीको विवरण | डे१५४२३-०१-०३-७६ |
| उर्जा उत्पादनका लागि कोइला र अन्य बस्तुहरुको खपत | डे१५४२४-०१-०३-७६ |
| जिप्सन, खरानी तथा प्याकिङ सामान खपतको विवरण | डे१५४२५-०१-०३-७६ |
| सिमेण्ट उत्पादनका लागि कूल उर्जा खपतको विवरण | डे१५४२६-०१-०३-७६ |

**२.३ इन्टरनेटतथा केवल टिभि**

| | |
|---|---|
| सेवा शुल्कको वर्गिकरण | डे१५४३०-०१-०३-७६ |
| इजाजत पत्र र अनुमति प्राप्त गरेको विवरण | डे१५४३१-०१-०३-७६ |
| अन्लिमिटेड इन्टरनेट र केबल - एमएसओ | डे१५४३२-०१-०३-७६ |
| लिमिटेड इन्टरनेट | डे१५४३३-०१-०३-७६ |
| रिलोकेसन फि | डे१५४३४-०१-०३-७६ |
| सर्भरको लोकेसन शुल्क | डे१५४३५-०१-०३-७६ |

**२.४ चिनी उद्योग**

| | |
|---|---|
| चिनी उद्योग र उत्पादनसङ्ग सम्बन्धित विवरण | डे१५४४०-०१-०३-७६ |
| उखु खरिद तथा खपत र उत्पादन | डे१५४४१-०१-०३-७६ |


**३. प्राकृतिक व्यक्तिसङ्ग सम्बन्धित नयाँ फाराम**

**४. तत्काल लागु गर्न अल्पकालका लागि** समायोजन गरिएका फारामहरु

| | |
|---|---|
| वित्तीय वासलात र कर आधार | डे१५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे१५४०४-०१-०३-७६ |

# व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता (P-PAN Card Registration) गर्ने तरिका

- पासपोर्ट साइजको फोटो र नागरिकताको अगाडि तथा पछाडिको भाग Scan गरेर फाइल सुरक्षित गर्नुहोस् ।
- गैर नेपाली नागरिकको हकमा पासपोर्ट साइजको फोटो, निज कार्यरत रहेको कार्यालयको सिफारिस र बिदेशी भनी प्रमाणित गराउने प्रमाणित कागजात संलग्न राखी Scan गरी फाइल सुरक्षित गर्नुहोस् ।
- Mozilla Firefox browser खोल्नुहोस् ।
- ird.gov.np टाइप गरी Enter key थिच्नुहोस् ।
- Taxpayer Portal मा Click गर्नुहोस् ।
- Registration-PAN,VAT,EXCISE_ को Application for Registration मा Click गर्नुहोस् ।




- Username, Password, Re-Password, Contact No. Entry गर्नुहोस् ।
- Personal PAN चेक बक्समा Click गर्नुहोस् ।
- Verify गर्ने अफिस छान्नको लागि:
- आन्तरिक राजस्व कार्यालयको लागि IROमा Click गरी आफ्नो पायक पर्ने कार्यालय छान्नुहोस् ।
- करदाता सेवा कार्यालय भएमा TSOमा Click गरी आफ्नो पायक पर्ने कार्यालय छान्नुहोस्।
- OK मा Click गर्नुहोस् ।
- Continue मा Click गर्नुहोस् । (Submission Number) टिप्नुहोस्
- नाम र थर नेपाली र अंग्रेजीमा Entry गर्नुहोस् ।
- बि.सं. वा इ.सं. छानेर जन्ममिति Entry गर्नुहोस् ।
- लिंगमा पुरुष वा महिला वा तेस्रो लैंगिक मध्ये एक छान्नुहोस् ।
- Scan गरेर राखेको Photo दायाँ तर्फको Browse मा Click गरी Photo को फाइल छानेर Upload गर्नुहोस् ।
- Citizenship Card को दायाँ तर्फको Upload Document भनेको Up Arrow बक्समा Click गर्नुहोस् ।
- नागरिकता नं., नागरिकता जारी गर्ने कार्यालय, स्थान, जारी मिति Entry गर्नुहोस् ।
- त्यसपछि Browser मा Click गरी Scan गरेको नागरिकताको फाइल Upload गर्नुहोस् ।
- गैर नेपाली नागरिकको हकमा माथि Scan गरेको फाइल Upload गर्नुहोस् ।
- OK मा Click गर्नुहोस् ।
- कुनै कार्यालयमा काम गरेको भए प्रमाणपत्र नं. टाइप गरी पेशा छान्नु होस् । कार्यालयको सिफारिस समेत पेश गर्नु पर्छ । विद्यार्थी भएमा Others छान्नुहोस् ।
- पारिवारिक विवरणभर्नुहोस् ।
- स्थायी ठेगाना भर्नुहोस् ।
- अस्थायी ठेगाना भर्नुहोस् ।
- Save र Submit गर्नुहोस् ।
- Print गरी छानेको कार्यालयमा गएर Verify गराइ कार्ड बनाउन सम्बन्धीत आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा जानुहोस् ।

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।